मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड
१७ औं वार्षिक साधारण सभाको
निर्णय (माइन्युट)

१. पृष्ठभूमी:

यस कम्पनीको मिति २०८३।०६।०७ मा बसेको सञ्चालक समितिको ५८ औं बैठकको निर्णय बमोजिम बोलाइएको आ.व.२०८२/८३ को १७ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री नविन महर्जनको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी सम्पन्न भयो ।

मिति : २०८३ साल असोज ३० गते शुक्रबार (तदनुसार १६ अक्टोबर, २०२६)

समय : बिहान ९:०० देखि ११:०० बजेसम्म ।

स्थान : सस त्वा, सागल टोल, कीर्तिपुर, काठमाडौं ।

२. सभा सम्बन्धी सूचना तथा प्रकाशन:

कम्पनीको १७ औं वार्षिक साधारण सभा गर्नको लागि प्रथम पटक मिति २०८३।०६।०८ मा र दोस्रो पटक मिति २०८३।०६।१३ मा नेपाल समाचारपत्र दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी सभा सम्बन्धी जानकारी सम्पूर्ण शेयरधनीहरूलाई गराईएको थियो । साधारण सभाको सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेबसाइट www.molunghydropower.com.np मा पनि राखिएको थियो । शेयरधनी महानुभावहरू १७ औं वार्षिक साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८३/०६/२० गते मंगलबार एक दिन शेयर दाखिल खारेज कार्य बन्द (Book Close) गरिएको थियो ।

३. उपस्थिति:

(क) सञ्चालकहरू:

१. श्री नविन महर्जन	–	अध्यक्ष
२. श्री कविन महर्जन	–	सञ्चालक
३. श्री विजय प्रकाश महर्जन	–	सञ्चालक
४. श्री रविन्द्र महर्जन	–	सञ्चालक
५. श्री रामेश्वर महर्जन	–	सञ्चालक
६. श्री हिरालक्ष्मी महर्जन	–	सञ्चालक
७. श्री कवि महर्जन	–	स्वतन्त्र सञ्चालक
८. श्री रश्मी महर्जन	–	कम्पनी सचिव

(ख) अन्य पदाधिकारी तथा आमन्त्रित पाहुनाहरू:

१. श्री श्रीराम महर्जन	–	संस्थापक अध्यक्ष
२. श्री सूर्यमाया महर्जन	–	निर्वतमान सञ्चालक
३. श्री अमृत कुमार महर्जन	–	संस्थापक सञ्चालक
३. श्री उत्तम कुमार राई	–	प्रमुख, मोलुङ गा.पा.

MOLUNG HYDROPOWER COMPANY LTD. 2076 Kathmandu

४. श्री भोला राज राई – ४ नं. वडाध्यक्ष मोलुङ गा.पा.

५. श्री सरद बस्याल – प्राविधिक प्रमुख

६. श्री ध्रुवराज शर्मा – कानूनी सल्लाहकार

७. श्री सुब्रत ढकाल – लेखापरीक्षक प्रतिनिधी

(ग) नियामक निकायका प्रतिनिधिहरू:

१. श्री बिजेन्द्र न्हुछे प्रधान – लक्ष्मी सनराईज क्यापिटल लिमिटेड

२. श्रीमती प्रतिमा नेपाल – लक्ष्मी सनराईज क्यापिटल लिमिटेड

४. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

विवरण	कूल संख्या	उपस्थिति संख्या			उपस्थिति प्रतिशत
		स्वयं	प्रतिनिधी	जम्मा	
शेयरधनी सख्या	१,२१,२५३	७७	२	७९	०.६
कम्पनीको शेयर संख्या	८०,२५,०००	३२८१८०९	८९३०००	४१७४८०९	५२.०२

५. सभाको वैधानिकता:

प्रस्तुत वार्षिक साधारण सभाको सञ्चालिका सविना महर्जनले वार्षिक साधारण सभामा सहभागिताको लागि यस कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम सबै शेयरधनीहरुलाई सुचना पठाएको र सभामा उपस्थित शेयरधनीहरुले सोही ऐनको दफा ६९ बमोजिम सभा बैधानिक रहेको यकिन गरेको र सोही ऐनको दफा ७३ बमोजिम सभामा गणपुरक संख्या पुगेको हुँदा अध्यक्षज्यूको अनुमतिबाट सभा प्रारम्भ गर्नु भयो । सभामा निर्णयार्थ प्रस्तुत गरिने सञ्चालक समितिको तर्फबाट आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र वार्षिक आर्थिक विवरण उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई वितरण गरिएको थियो । महिला सञ्चालक श्री हिरालक्ष्मी महर्जनले स्वागत मन्तव्य मार्फत सभामा उपस्थित सम्पूर्ण शेयरधनी तथा अन्य पाहुनाहरूलाई १७ औं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । सभाका सभाध्यक्ष श्री नविन महर्जनज्यूले मंगल धुनका साथ सभाको समुद्घाटन पानसमा बत्ति बालेर गर्नु भयो । आयोजना निर्माण तथा सञ्चालनको चरणमा आफ्नो अमूल्य ज्यान गुमाएका श्रमिक कर्मचारीहरू तथा मिति २०८३।०५।१० गते रसुवा जिल्लाको त्रिशुली नदीमा आएको बाढीमा परि दिवंगत भएका सम्पूर्ण मानिसंहरुको सम्झनामा १ मिनेट मौन धारण गरी आत्माको चिर शान्तिको कामना गरिएको थियो भने राष्ट्रको सम्मानको लागि राष्ट्रिय गान बजाइएको थियो । १७ औं वार्षिक साधारण सभामा निर्णायार्थ प्रस्तुत देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरी सभा सम्पन्न भएको थियो ।

MOLUNG HYDROPOWER COMPANY LTD. 2076 Kathmandu

६. सभाका छलफलका लागि प्रस्तुत विषयहरू:

(क) साधारण प्रस्तावहरू:

१. वार्षिक साधारण सभामा सञ्चालक समितिकोतर्फबाट अध्यक्षले प्रस्तुत गर्नु हुने वित्तीय विवरण सहितको आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसुचिहरू अनुमोदन गर्ने ।

३. आ.व. २०८३/०८४ को लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ख) विशेष प्रस्तावहरू

१. प्रबन्ध पत्रको दफा ४ को १ को (च) र दफा ६ को ङ,च,छ संशोधन गर्ने सम्बन्धमा ।

ग) विविध ।

७. सभामा प्रस्तुत जिज्ञासा एवं सुझावहरु:

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८२।८३ को वार्षिक प्रतिवेदन र वार्षिक वित्तीय विरणको प्रस्तुति पश्चात उक्त प्रतिवेदनका सम्बन्धमा आफ्ना जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गर्न शेयरधनी महानुभावहरूलाई अनुरोध गरियो । निम्न लिखित शेयरधनीहरूले लिखित तथा मौखिक सुझावहरु मार्फत कम्पनीको सफलता, प्रगति तथा उन्नतिको लागि शुभ कामना व्यक्त गर्नु भएको थियो ।

१. जगनाथ आचार्य, २. सत्रुधन श्रेष्ठ, ३. नरसिंह लाल चंखू, ४. सुदीप श्रेष्ठ, ५. उत्तम पाठक, ६. निरुपमा गुप्ता, ७. भेषराज भण्डारी, ८. इन्द्र प्रसाद लामिछाने, ९. गोविन्द बहादुर श्रेष्ठ, १०. युवक बसेल, ११. कृष्ण प्रसाद अधिकारी र उत्तम कुमार राई, अध्यक्ष मोलुङ गा.पा. प्रमुख ।

सभाध्यक्ष श्री नविन महर्जनज्यूले उल्लेखित शेयरधनीहरूले सभामा राख्नु भएका प्रश्न र जिज्ञासाहरूको सामुहिक जवाफ दिनु भयो । शेयरधनी महानुभावहरूले दिएका सकारात्मक सुझाव तथा प्रतिक्रियाहरूको लागि आभार व्यक्त गर्दै आगामी दिनमा लागु गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

८. सभाबाट पारित निर्णयहरू:

साधारण प्रस्ताव:

निर्णय नं. १

सञ्चालक समितिको तर्फबाट ऐ.का अध्यक्ष श्री नविन महर्जनज्यूले वाचन गरी प्रस्तुत गर्नु भएको आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन सभाबाट पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो ।

निर्णय नं. २

लेखापरीक्षक फर्म J.P.S.D. & Associates, CharteredAccountants का साझेदार एफसिए श्री सुब्रत ढकालले लेखापरीक्षण गरी सञ्चालक समितिबाट स्वीकृत आ.व. २०८२/०८३ को ले.प. प्रतिवेदन, २०८३ साल आषाढ मसान्तसम्मको वासलात, २०८२ साल श्रावण १ गतेदेखि २०८३ साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रभाव विवरण,

MOLUNG HYDROPOWER COMPANY LTD. 2076 Kathmandu

इक्वीटीमा भएको परिवर्तन र सोका सम्पूर्ण अनुसूचि समेत वार्षिक वित्तीय विवरण वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आ.व.२०८३/८४ को लेखापरीक्षण गर्न Dev Associates Chartered Accountants लाई नियुक्ति गर्ने र सोको पारीश्रमिक कर बाहेक रू. १,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार मात्र) दिने निर्णय गरियो ।

विशेष प्रस्ताव:

निर्णय नं. १

कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ४ को उपदफा १ को खण्ड (च) देहाय बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव पारित गरियो ।

दफा ४ को उपदफा १ को खण्ड (च)

सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा सञ्चालन भइरहेको अथवा सञ्चालन हुने जलविद्युत आयोजना वा सो बाहेक अन्य क्षेत्रका उपयुक्त कम्पनीमा लगानी गर्न सक्नेछ ।

कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ६ को खण्ड (ङ),(च),(छ) हटाउने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ग) विविध

विविध विषयमा निर्णय गर्न केही विषय नभएको हुँदा अध्यक्षज्यूले कम्पनीको १७ औं वार्षिक साधारण सभा विर्सजन भएको जानकारी दिनु भयो ।

MOLUNG HYDROPOWER COMPANY LTD. 2076 Kathmandu